नेपाल सरकार
गृह मन्त्रालय

# अध्यागमन विभाग

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान काठमाण्डौ
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
moi22doi@gmail.com

पत्र संख्या : २०७७/७८
चलानी नं.

प्रशासन शाखा
नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभाग २०४६

## सूचना

*नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०६/०५ गतेको निर्णयानुसार विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश, २०७८ अनुसार यात्रुहरुको आवागमन सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस अघि अध्यागमन विभागबाट जारी भएका यस सूचनासँग बाझिएका सम्पूर्ण सूचनाहरु खारेज गरिएको छ।*

१. अध्यागमन कार्यालय त्रि.अ.वि. तथा स्थल नाकास्थित अध्यागमन कार्यालयहरुबाट नेपाल प्रवेश गर्ने विदेशी नागरिकहरुले आगमन विन्दुमा अन अराइभल भिसा प्राप्त गर्न भिसाका लागि आवश्यक अन्य कागजातका अतिरिक्त देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछः-
   क. कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएको प्रमाण,
   ख. हवाई उडानको लागि चेक इन हुनु भन्दा ७२ घण्टा भित्रको र स्थलमार्गबाट आगमन हुनेको हकमा नेपाल प्रवेश गर्नु भन्दा ७२ घण्टा भित्रको कोभिड-१९ परीक्षण (RT-PCR, Gene Expert, True NAAT अथवा WHO बाट मान्यता प्राप्त परीक्षण) को रिपोर्ट नेगेटिभ भएको प्रमाण,
   ग. पर्वतारोहण र पदयात्रा तथा अनुमति लिनुपर्ने अन्य विषयको हकमा सो सम्बन्धी अनुमतिको प्रतिलिपि (तर पर्वतारोहण र पदयात्रा बाहेकका लागि आउने अन्य पर्यटकका लागि यो कागजात आवश्यक पर्ने छैन),
   घ. नेपालमा होटल बुक गरेको प्रमाण,
   ङ. www.ccmc.gov.np मा लगइन गरी अनलाइन फारम (International Traveler Online Arrival Form) भरी सोको प्रिन्ट प्रति ।

२. कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा नगरेका विदेशी नागरिकको हकमा विदेशस्थित नेपाली कुटनीतिक नियोगबाट भिसा लिई एजेन्सी मार्फत मात्र नेपाल भ्रमणको अनुमति दिइनेछ ।यसरी नेपाल प्रवेश गर्ने विदेशी नागरिकहरुले माथि प्रकरण १ को (ख), (ग), (घ) र (ङ) बमोजिमको कागजात आगमन विन्दुमा पेश गर्नुपर्नेछ र अनिवार्य रुपमा १० दिन आफ्नै खर्चमा होटल क्वारेन्टिनमा बसी एघारौं दिनमा कोभिड-१९ को परीक्षण रिपोर्ट नेगेटिभ आएपछि मात्र भ्रमणको उद्देश्य बमोजिमको काममा संलग्न हुन पाउनेछ ।

३. नेपाली मूलको गैर आवासीय नेपाली नागरिक वा निजका परिवार वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी नागरिकहरुलाई माथि प्रकरण १ को (क), (ख) र (ङ) बमोजिमको कागजातको आधारमा अन अराइभल भिसा तथा आगमन अनुमति प्रदान गरिनेछ ।

   तर देहाय बमोजिमको विशेष अवस्थामा नेपाल आगमन हुनेहरुको हकमा नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा अनिवार्य एण्टीजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा गन्तव्यमा जान अनुमति दिइने र पोजेटिभ आएमा अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पालना गरी आइसोलेसनमा बस्नुपर्नेछ ।
   क. आफ्नो धर्म, रीति, परम्परा अनुसार आफन्तको अन्तिम संस्कार (काज-किरिया)मा सहभागी हुनेको हकमा स्थानीय तहको सिफारिस साथ आगमन हुने,
   ख. दीर्घ विरामी, शारीरिक रुपमा अशक्त र विरामी सँगै आएका कुरुवाको हकमा अस्पतालबाट जारी भएको कागजात र स्थानीय तहको सिफारिस साथ आगमन हुने,
   ग. पचहत्तर वर्ष माथिका जेष्ठ नागरिक र निजका हेरचाह गर्ने तथा ५ वर्ष भन्दा मुनिका नावालकसँगै आएका निजका अभिभावक स्थानीय तहको सिफारिस साथ आगमन हुने,

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५० / ४४२९६६० / ४४३३९३४ / ४४३८८६२ / ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान काठमाण्डौ
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
moi122dei@gmail.com

पत्र संख्या : २०७७/७८
चलानी नं.

घ. एकाघर परिवारका कुनै सदस्य अस्पतालको आई.सि.यू./भेन्टिलेटरमा उपचारार्थ भर्ना भएका तर हेरचाह गर्ने कोही नभएकाको हकमा अस्पतालबाट घटना पुष्टि हुने कागजात तथा सम्वन्धित स्थानीय तहको सिफारिस साथ आगमन हुने ।

४. नेपालमा रहेका विदेशी कुटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय संघ संस्थाका पदाधिकारीहरु, कर्मचारीहरु वा तिनका परिवारका सदस्यलाई माथि प्रकरण १ को (क), (ख) र (ङ) वमोजिमको कागजातको आधारमा अन अराइभल भिसा प्रदान गरिनेछ ।

तर कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा नगरेकाको हकमा भने विदेशस्थित नेपाली कुटनीतिक नियोगबाट भिसा प्राप्त गरी सम्बन्धित कुटनीतिक नियोगको सिफारिसका आधारमा नियोगले तोकेको वासस्थानमा अनिवार्य रुपमा कम्तीमा १० दिन क्वारेन्टिन बस्ने शर्तमा मात्र आगमन अनुमति दिइनेछ।

५. स्थल नाकाबाट नेपाल आगमन हुने भारतीय नागरिकहरुको हकमा माथि प्रकरण १ को (ख) र (ङ) वमोजिमको कागजातको आधारमा नेपाल प्रवेश गर्ने अनुमति दिइनेछ ।

६. हवाईमार्ग र स्थलमार्गबाट नेपाल आगमन हुने सबै यात्रुहरुको अध्यागमन विन्दुमा नै एण्टीजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा गन्तव्यमा जान दिइनेछ र पोजेटिभ आएमा आइसोलेसन वा अस्पतालमा पठाइनेछ। अध्यागमन विन्दुमा एण्टीजेन परीक्षण हुन नसकेमा त्यस्तो यात्रुले होटलमा त्यस्तो परीक्षण वा कोभिड-१९ परीक्षण गरी सोको रिपोर्ट नेगेटिभ आएपछि मात्र होटलबाट वाहिर जान सक्नेछ ।

७. पाँच वर्ष भन्दा कम उमेरका बालबालिकाको हकमा कुनै खोप र परीक्षण आवश्यक पर्ने छैन। पाँच वर्षभन्दा बढी र अठार वर्ष भन्दा कम उमेरका बालबालिकाको हकमा कोभिड-१९ विरुद्धको खोप अनिवार्य हुने छैन र त्यस्ता बालबालिकाको हकमा अन्य व्यवस्था अन्य नेपाली वा विदेशी नागरिक सरह हुनेछ ।

८. नेपालमा ट्रान्जिट गरी विमानस्थलबाटै तेस्रो मुलुक जान चाहने विदेशी नागरिकलाई प्रस्थान अनुमति दिइनेछ । नेपालमा केही दिन बसी तेस्रो मुलुक जान चाहने वा नेपालबाट विदेश प्रस्थान गर्ने सबै यात्रुहरुको हकमा मान्यता प्राप्त प्रयोगशालाबाट पछिल्लो ४८ घण्टा भित्रको वा गन्तव्य मुलुकको मापदण्डमा तोकिए वमोजिमको अवधिको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्ट साथै कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (CCMC) को वेभसाइट www.ccmc.gov.np मा लगइन गरी अनलाइन फारम (International Online Departure Form) भरी सोको प्रिन्ट प्रति अनिवार्य पेश गर्नुपर्नेछ ।

९. वायुसेवा कम्पनीले माथि उल्लिखित शर्त वा मापदण्ड पूरा नभएका यात्रुलाई विमानमा चेकइन गर्न वा विमानमा राखी नेपालमा ल्याउन वा नेपालबाट अन्य मुलुकमा लैजान हुँदैन ।

१०. Nigeria, Ghana, Zimbabwe, Swaziland, Cameroon, Somalia, Liberia, Ethiopia, Iraq, Palestine, Afghanistan र Syria का नागरिकहरु तथा यात्रा अनुमतिपत्र वा आकस्मिक राहदानी वाहकहरुले अनिवार्य रुपमा विदेशस्थित नेपाली कुटनीतिक नियोगबाट भिसा लिई आउनुपर्नेछ ।

मितिः २०७८ असोज ८ गते

२०७८।०६।०८
(झलकनाथ ढकाल)
निर्देशक